



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क ३२८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस ४ गते आइतबार ❑ 19 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## प्रधानमन्त्रीद्वारा सर्वदलीय बैठक आह्वान

**रासस**
**काठमाडौं, ३ पुस**

प्रधानमन्त्री शेरबहादुर देउवाले आइतबारका लागि सर्वदलीय बैठक आह्वान गर्नुभएको छ।

संसद्मा जारी अवरोधलगायत समसामयिक राजनीतिक विषयमा छलफल गर्न बैठक आह्वान गर्नुभएको प्रधानमन्त्री देउवाको सचिवालयले जनाएको छ। सचिवालयका अनुसार बैठक आइतबार अपराह्न ४ बजे बस्ने छ। बैठकमा संसद्मा सहभागि सबै दलका शिर्ष नेताहरूलाई बोलाइएको छ। विगत लामो समयदेखि नेकपा (एमाले) ले अवरोध गर्दै आएकाले दुवै सदनका काम कारबाही प्रभावित हुँदै आएको छ। शुक्रबार नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहालले प्रधानमन्त्री देउवासँगको भेटमा मुलुकको समसामयिक राजनीतिक विषय तथा संसद् अवरोधक खुलाउनलगायत विषयमा दलहरूबीच समान धारणा बनाउने उद्देश्यका साथ सर्वदलीय बैठक बोलाउन आग्रह गर्नुभएको थियो।

स्रोतका अनुसार प्रधानमन्त्री देउवाले प्रतिनिधिसभा बैठक सञ्चालन र मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्बन्धी सम्झौता अनुमोदनको विषयमा संसदमा भएका दलहरुसँग छलफल गर्न लागेका हुन्।

सरकारले संसदको चालु अधिवेशनबाटै एमसीसी सम्झौता पारित गर्ने तयारी गरेको छ। तर नेकपा एमालेले आफूले सांसदहरुलाई गरेको कारबाहीलाई सभामुखले मान्यता नदिएको भन्दै संसद अवरोध गर्दै आएको छ।

त्यस्तै सत्तारुढ गठबन्धनमा रहेका नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी केन्द्रलगायतका दल एमसीसी सम्झौता जस्ताको तस्तै पारित गर्न नहुने पक्षमा छन्।

## संवैधानिक अधिकार खोसेर लिनुपर्छ–उपसभामुख शर्मा

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ पुस**

गण्डकी प्रदेशका उपसभामुख सिर्जना शर्माले महिलाहरुले संविधानले व्यवस्था गरेका हक अधिकार मागे र नभई खोसेर लिने पर्ने बताउनु भएको छ।

नेपाल रेडक्रस सोसाईटी कास्की लैङगिक तथा सामाजिक समावेशिकरण समितिद्धारा आज पोखरामा आयोजित जिल्ला स्तरीय महिला गोष्ठीको उद्घाटन गर्दै उहाँले त्यसका लागि महिलाहरु संगठित भएर लाग्नु पर्ने बताउनुभयो। महिलाहरु राजनैतिक, सामाजिक र आर्थिकरुपमा हस्तक्षपकारी भूमिका निर्वाह गर्दै सशक्तिकरणमा लाग्नु पर्ने बताउँदै उहाँले प्रत्यक क्षेत्रमा ३३ प्रतिशत महिला सहभागिताको सुनिश्चितता हुनु पर्नेमा जोड दिनुभयो।

दुःख र अन्यायमा परेका व्यक्तिको उद्धारमा रेडक्रसले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताउँदै उपसभामुख शर्माले निकट भविष्यमा हुने स्थानीय तहको निर्वाचनमा पहिलो पदमा आउने गरि लाग्न महिलाहरुलाई आग्रह गर्नुभयो।



नेपाल रेडक्रस सोसाईटी कास्की शाखाका उपसभापति डण्डराज शर्मा र कृष्णप्रसाद तिमिल्सिनाले विश्व व्यापिरुपमा फैलिएको कोभिड १९ को जोखिमको अवस्थामा रेडक्रसले आप्न्ना सम्पूर्ण सेवामा सञ्चालन गरेर मानवप्रति समर्पित भएको जानकारी दिनुभयो। संस्थाका मन्त्री धर्मराज अधिकारीले रेडक्रस विपदका समयमा मानविय सेवा सहित खानेपानीको व्यवस्था, प्राकृतिक प्रकोपमा उद्धार तथा राहत उपलव्ध गराउन सक्रिय रहदै आएको स्पष्ट पार्नुभयो। कार्यक्रम संयोजक एवम रेडक्रस सोसाईटीका उपमन्त्री उर्मिला खड्काले जहाँ दुःख त्यहा रेडक्रस भन्ने अभियानमा जुट्न सवैलाई आग्रह गर्दै तालिमले संस्थामा महिला सहभागिता अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका पुगेको जानकारी दिनुभयो।

कार्यक्रममा पत्रकार श्यामनाथ कुँवर, रेडक्रस जिल्ला कार्यसमिति सदस्य रमा कोइराला लगायतले रेडक्रमको महत्व माथि प्रकाश पार्नुभएको उक्त तालिममा कास्कीका बिभिन्न ४८ उपशाखाका ९६ जना महिलाहरुको सहभागिता रहेको छ। एक दिने सो तालिममा मोहनसिंह खड्काले रेडक्रस अधियान, उर्मिला खड्काले उपशाखामा लैङगितक तथा सामाजिक समावेशिकरणका गतिविधि र खेमराज सापकोटाले विपद्मा महिला, बालबालिका र जेष्ठ नागरिकहरुको संरक्षण बिषयमा प्रशिक्षण दिनुहुने कार्यक्रम रहेको छ।

## प्याब्सन कास्कीको अध्यक्षमा मथुरा पौडेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ पुस**

प्याब्सन कास्कीको शनिबार भएको १९ औं जिल्ला अधिवेशनले मथुराप्रसाद पौडेल अध्यक्षतामा चयन गरेको छ। शनिवार भएको अधिवेशनले १२ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो। सचिवबाहेक ११ जना सदस्य निर्विरोध चयन भएका छन्। आगामी ३ वर्षका लागि



नयाँ कार्यसमिति चयन गरेको हो।

पुष्पराज पराजुलीले डा. टेकनारायण पौडेललाई पराजित गरी पराजुली सचिव निर्वाचित भएका छन्।

अधिवेशनले वरिष्ठ उपाध्यक्षमा उमा लामिछाने, उपाध्यक्षमा विष्णुप्रसाद तिमिल्सिना, कोषाध्यक्षमा देवप्रसाद बास्ताकोटी, सहसचिवमा सन्दीप अधिकारी र सहकोषध्यक्षमा मोहनलाल पौडेल चयन भएका छन्। कार्यसमिति सदस्यमा कृष्णकुमारी पहारी, रेखा थापा कार्की, विष्णु जिसी, पोखरा महानगरपालिकाबाट डिल्लीराम अर्याल र अन्नपूर्ण गाउँपालिकाबाट टीकाराम पौडेल चयन भएका छन्। बाँकी ३ पालिका मादी, रुपा, अन्नपूर्णबाट भने पूर्ण बैठकले मनोनित गर्ने अध्यक्ष पौडेलले भने।

## साँस्कृतिक पर्वहरुको संरक्षण गर्ने दायित्व सरकारको हो : सभापति कोइराला

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ पुस**

गण्डकी प्रदेशका अर्थ तथा विकास समितिका सभापति दीपक कोइरालाले योमरी पुन्य नेवार समुदायको एक सांस्कृतिक पर्व भएको बताउनु भएको छ।

पोखरा महानगरपालिका वडानं ३२ स्थित समाज कल्याण नेवा मिसां पुंचाले आयोजना गरेको कार्यक्रमका प्रमुख अतिथि समेत रहनु भएका कोइरालाले उक्त कुराबताउनु भएको हो। उहाँले विभिन्न समुदायले मनाउदै आएका महत्वपूर्ण पर्वहरुको संरक्षण गर्ने दायित्व सरकारको हुने बताउनु



भयो। सभापति कोइरालाले योमरी खाएपनि आफ्नै हातले भने योमरी बनाएको पहिलो अनुभव रहेको सुनाउदै नेपाल विभिन्न भाषा र संस्कतिले धनी रहेको पनि जनाउनु भयो। हाम्रा मौलिक पर्वहरु प्रवर्द्धन गर्न युवापुस्ताहरु अग्रसर हुनुपर्ने कोइरालाको भनाई थियो।

समाज कल्याण नेवा मिसां पुचा पोखरा ३२का अध्यक्ष मेनुका श्रेष्ठले योमरी पुन्य नेवार समुदायको महत्वपूर्ण पर्व भएको भन्दै आजको दिन योमरी खानै पर्ने र बनाउनै पर्ने परमपरा रहेको बताउनुभयो। योमरी चामलको पिठोमा चाकु, खुवा, तील राखी बनाइने बताउनु भयो। जाडो मौसममा शरिरलाई आवश्यक पौष्टिक तत्व योमरी बाट प्राप्त हुने उहाँको भनाई थियो।

कार्यक्रममा समाज कल्याण नेवाःखल पोखरा ३२का उपाध्यक्ष रामबहादु श्रेष्ठ,सचिव मान बहादुर श्रेष्ठ, प्रेस सेन्टर गण्डकी प्रदेशका बरिष्ठ उपाध्यक्ष घनश्याम पाण्डेय लगायतले शुभकामना ब्यक्त गर्नुभएको कार्यक्रममा समाज कल्याण नेवा मिसां पुंचाका मनिषा श्रेष्ठले धन्यबाद ज्ञापन गर्नुभएको थियो।

## १२ देखि १७ वर्ष उमेर समूहका विद्यार्थीलाई खोप

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ पुस**

सरकारले आइतबारदेखि ५७ जिल्लाका १२ वर्षदेखि १७ वर्ष उमेर समूहका विद्यार्थीलाई कोरोना भाइरसविरुद्धको खोप लगाउँदैछ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मोडर्ना खोपको पहिलो मात्रा यही पुस ४ देखि १४ गतेसम्म विद्यार्थीलाई लगाउने भएको मन्त्रालयका प्रवक्ता डा सङ्गीता कौशल मिश्रले जानकारी दिनुभयो। उहाँका अनुसार प्रदेश नं १ को ताप्लेजुङ, सङ्खुवासभा, ओखलढुङ्गा, खोटाङ, भोजपुर, धनकुटा, तेह्रथुम, पाँचथर, इलाम र उदयपुर, प्रदेश नं २ को सिराहा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लास्थित विद्यालयका विद्यार्थीलाई खोप लगाइनेछ।

यस्तै खोप लगाउनेमा वाग्मती प्रदेशको दोलखा, सिन्धुपाञ्चोक, रसुवा, धादिङ, नुवाकोट, रामेछाप र मकवानपुर, गण्डकी प्रदेशको गोरखा, मनाङ, मुस्ताङ, म्याग्दी, लमजुङ, तनहुँ, नवलपरासी पूर्व, स्याङ्जा र पर्वत, लुम्बनी प्रदेशको रुकुमपूर्व, रोल्पा, प्यूठान, गुल्मी, अर्घाखाँची, पाल्पा, नवलपरासी पश्चिम, कपिलवस्तु र बर्दिया रहेका छन्। त्यस्तै कर्णाली प्रदेशका डोल्पा, मुगु, हुम्ला, जुम्ला, कालीकोट, दैलेख, जाजरकोट, रुकुमपश्चिम र सल्यान तथा सुदूरपश्चिमका बाजुरा, बझाङ, दार्चुला, बैतडी, डोटी, अछाम र कञ्चनपुर जिल्लाका सो उमेर समूहका विद्यार्थीलाई खोप लगाउने भएका छन्। ती जिल्लाका विद्यार्थीलाई दोस्रो मात्रा भने माघ २ देखि १२ गतेसम्म सञ्चालन गर्नेछ। यस्तै मन्त्रालयले यसअघि १२ वर्षमाथिका दीर्घ रोगीका लागि फाइजर खोप सञ्चालन भएका १९ जिल्ला र सिन्धुली गरी २० जिल्लामा पनि फाइजर खोप अभियान सोही अवसरमा मन्त्रालयले सञ्चालन गर्दैछ।

## मुलुक बनाउन श्रम शक्तिलाई यही रोक्नु पर्छ: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ पुस**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले मुलुक बनाउन यहाँको श्रम शक्तिलाई यही रोक्नु पर्ने बताउनु भएको छ।

पोखरा ६ मा रहेको माता तालबाराही आरती सेवा समितिको तेश्रो साधारण सभा तथा दोश्रो अधिवेशनको शनिबार उद्घाटन गर्दै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो। दोश्रो तथा तेश्रो मुलुकमा श्रम गर्न जाने नेपाली संस्कारको अन्त्य गर्नुपर्ने उहाँको भनाई छ। कुलतबाट बचाउन बाल्यकालसम्म अभिभावकले दाहित्व बहन गर्नुपर्ने बताउदै मन्त्री बरालले युवा अबस्थाबाट स्वयम आफै बाच्न सक्ने बनाउनु पर्नेमा जोड दिनु भयो। कृषिबाट नेपालको




पर्यटनको विकास गर्न सकिने बताउदै उहाँले पहिला कृषिमा आत्मनिर्भर भएको मुलुकमा हाल विदेशबाट चाम, कोदो लगायतका खाद्य बस्तु आयात हुने गरेको जनाउनु भयो।

पोखरामा संचालन भएको आरतीले पर्यटनको बसाई लम्बाउन तथा थप मनोरन्जन दिन सहयोग पुगेको उहाँले विश्वास व्यक्त गर्नु भयो। प्रदेशको राजधानी पोखरा सहितको क्षेत्रको पर्यटन प्रबर्द्धन गर्न धार्मिक पर्यटनको समेत उत्तिकै सम्भावना भएको दाबी गर्नु भयो। भक्ति फाउण्डेसनका संस्थापक अध्यक्ष सितल कृष्ण महाराजले भारतको परम्परालाई पोखरामा भारती गरेर भौतिक आनन्दीतको सकरात्मक उर्जा प्रदान गरेको बताउनु भयो। आरती गर्दा नियम थप कडाई गर्नुपर्ने उहाँले बताउनु भयो। समितिका अध्यक्ष गिरीराज अधिकारीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा नेपाली कागेंस पोखरा ६ का वडा इकाई कमिटिका सभापति सन्तोष पौडेल, मितेरी आमा समुहका सचिव इन्दिरा पौडेल, समितिका सचिब सुर्यनाथ पहारी, सहसचिव तुलसी दाहाल लगायतले पोखरामा आरती गर्न सुरु गरेसंगै पर्यटन प्रबर्द्धनमा थप टेवा पुग्ने गरेकोमा जोड दिनु भएको थियो। आरती गुरु गोकर्ण अधिकारी आरतीमा राजनीति नघुसाउन आग्रह गर्नूभयो। आरती सुरु गर्दा एक वोतल पानी बाडेर खानु परेको स्मरण गर्दै अधिकारीले धार्मिक क्षेत्रमा कुनै जात धर्म नभई सवैको साझा भएको बताउनु भयो। उक्त अवसरमा मीना भट्टराई परिवाबाट २५ हजार ५ सय ५ रुपैयाको अक्षयकोष रकम सहयोग हस्तान्तरण गर्नु भएको छ।




# थकाली युवा परिवार नेपाल (केन्द्र)को प्रथम राष्ट्रिय भेला पोखरामा हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ पुस**

थकाली युवा परिवार नेपाल (केन्द्र)को प्रथम राष्ट्रिय भेला एवं नेतृत्व तथा व्यक्तित्व विकास प्रशिक्षण (ई.पि.एस.) पोखरामा हुने भएको छ।

ञधर्म संस्कृति हाम्रो परम्परा, संरक्षण संवर्द्धन युवाहरूको अभिभाराझभन्ने मुल नाराका साथ यही पुष ७ देखि पुष ११ गतेसम्म पोखराको डेमसाइड स्थित होटल ड्रागनमा प्रथम राष्ट्रिय भेला एवं नेतृत्व तथा व्यक्तित्व विकास प्रशिक्षण (ई.पि.एस.) हुने भएको पोखरामा आयोजना भएको पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराईएको हो।

उक्त ५ दिने भेला एवं( ई.पि.एस.) कार्यक्रममा देशका १९ वटा क्षेत्रका करीब ६० जनाको सहभागिता रहने भएको थकाली युवा परिवार नेपाल केन्द्रका अध्यक्ष योगेन्द्र शेरचनले बताउनुभयो।




यस भेलाले थकाली समुदायका बीचमा एकआपसमा सम्पर्क, समन्वय एवं भाईचारा वृद्धि गराउनका साथै युवाहरूको आत्मबल वृद्धि एवं नेतृत्व र व्यक्तित्व विकासमा कार्यक्रम फलदायी हुने उहाँको भनाइ थियो । थकाली युवाहरूलाई आफ्नो धर्म, संस्कार, भेषभुषा,भाषा र परम्परा जगेर्ना गर्न तर्फ उत्प्रेरित गराउने उद्देश्यले "थकाली युवा अवसर, चुनौती र सम्भावना" बिषयक बिषयगत बहसको समेत आयोजना गरिएको शेरचनले जनाउनुभयो। थकालीको मुल थलो थासाङबाट अन्यत्र बसाइँसराइ गरि देशका विभिन्न १९ क्षेत्रमा र विदेशमा ३ क्षेत्रमा थकाली सेवा समिति थकाली समुदायको संगठित संस्थाको रूपमा गठन भएको केन्द्रका सचिव विक्कल शेरचनले जानकारी दिनुभयो । पोखरा थकाली समुदायको सुरूवाती बसाइँ सरेको स्थान भएको र हाल मुस्ताङको मौसम समेत प्रतिकुल रहेका कारण त्यहाँ भेला आयोजना गर्न सम्भव नरहेकाले प्रथम भेला पोखरामा नै आयोजना गरिएको उहाँको भनाइ थियो । समय परिस्थितिको कारण प्रथम थकाली युवा राष्ट्रिय भेलालाई ऐतिहासिक बनाउन स्वतस्फूर्त आर्थिक संकलन गरिएको भन्दै आगामी भेलामा भने सम्बन्धित निकायसँग सल्लाह, समन्वय गरेर कार्यक्रम तय गरिने केन्द्रका कोषाध्यक्ष सञ्जिव तुलाचनले बताउनुभयो । सो भेलाको प्रमुख अतिथिमा माननीय लुम्बिनी प्रदेश प्रमुख अमिक शेरचन आउने कार्यक्रम तय गरीएको अध्यक्ष योगेन्द्र शेरचन बताउनुभयो।

भेलाको मुख्य प्रायोजकमा प्रभु बैंक रहेको छ भने सह-प्रायोजकमा मीनबहादुर शेरचन स्टोर्स रहेको छ।

# मिस तामाङ पोखराको तालिम शुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ पुस**

बैदाम तामाङ समाज पोखराले हरेक वर्ष पोखरामा आयोजना गर्ने मिस तामाङ पोखराको तयारी शुरु गरेको छ । शनिबारबाट सहभागीहरुलाई तालिम दिन शुरु गरिएको हो । सोनाम ल्होसारको अवसरमा आयोजना गरिने मिस तामाङ पोखराको यो छैठौं संस्करण हो।

तालिमको शुभारम्भको अवसरमा बोल्दै आयोजक बैदाम तामाङ्ग सेवा समाजका अध्यक्ष ज्याक तामाङ्गले मौलिक भाषा, संस्कार र संस्कृतिलाई युवा पुस्तामा हस्तान्तरण गर्नका लागि कार्यक्रमलाई निरन्तरता दिन लागेको बताउनुभयो । शुभारम्भ कार्यक्रमकाप्रमुखअतिथीगण्डकी प्रदेशसभा सदस्य धनमाया तामाङ्गले आफ्नो समुदायको भाषा, भेषभुषा संस्कृति नै जातीको अस्तित्व भएको बताउनुभयो । उहाँले यस्तो खालको सृजनात्मक कार्यक्रमले कलासंस्कृतिको जगेर्ना गर्न टेवा पुग्ने बताउनुभयो । कार्यक्रममा तामाङ्ग बौद्ध सेवा समितीका अध्यक्ष विष्णु तामाङ्ग, वडा प्रहरी कार्यलय बैदामका प्रमुख प्रहरी नायव उपरिक्षक चिनीमाया तामाङ्ग, गिनिज बुक रेकर्ड होल्डर नवल पन्जियार, आरजे होल्डिङ्ग रियल स्टेटका प्रबन्ध निर्देशक राजु केसी, बैदाम तामाङ्ग सेवा समाजका डोल्मा लामा, राम लामा, रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्जका स्टेशन म्यानेजर सन्जय मल्ल लगायतले बोल्नुभएको थियो । पहिलो दिनको प्रशिक्षण लेकसिटी कलेजका सहायक क्याम्पस प्रमुख उपेन्द्र पौडेलले प्रदान गर्नुभएको थियो। ४५ दिन सम्म चल्ने प्रशिक्षणमा तामाङ्ग जातीको भाषा, संस्कृति, रहनसहन तथा परम्पराका साथै व्यक्तित्व विकास र नेतृत्व विकासका तालिम प्रदान गरिने कार्यक्रमका संयोजक एवम पहिलो मिस तामाङ्ग निमा तामाङ्गले जानकारी दिनुभयो। प्रतियोगितामा पोखरा औद्योगिक क्षेत्रका अल्जिना तामाङ्ग, सिम्पानीका सन्जु तामाङ्ग, निरा तामाङ्ग, रत्नचोकका रेखा तामाङ्ग, रानीपौवाका पुजा लामा, भेडिफारामका मान्सी तामाङ्ग, हेम्जाका जिया तामाङ्ग, रिठेपानीका पेमा तामाङ्ग र लेकसाइडका आशिका तामाङ्ग सहभागी छन् । माघ १५ गते शनिवार पोखरा सभागृहमा हुने प्रतियोगिताको विजेताले ताज, ट्रफी, प्रमाणपत्र सहित नगद १ लाख रुपैयाँको साथमा म्युजिक भिडियोको अवसर तथा आकर्षक गिफ्ट ह्याम्परहरु प्रदान गरिने आयोजकले जनाएको छ। फस्ट रनर अपले ताज, ट्रफी, प्रमाणपत्र सहित नगद ५० हजार रुपैयाँ हजार प्राप्त गर्नेछ। त्यस्तै सेकेण्ड रनर अपले ताज, ट्रफी, प्रमाणपत्र सहित नगद ३० हजार रुपैयाँ हात पार्नेछन् । भ्युवर्स च्वाइसका रुपमा एकजनाले नगद २० हजार पुरस्कार समेत प्राप्त गर्ने जयन्ती मोक्तानले जानकारी दिनुभयो।



सन् २०१६ देखि शुरु भएको मिस तामाङ पोखराको पहिलो संस्करणमा निमा लामा, दोस्रो संस्करण २०१७ मा दिप्ती गोम्जा, तेस्रो संस्करण २०१८ मा कविता योञ्जन, चौथो संस्करण २०१९ मा कुशुम स्याङ्वो तामाङ र पाँचौ संस्करणमा शशिकला तामाङ्गले ताज पहिरिन सफल भएकी थिइन्।

# वैदेशिक रोजगारीले रित्तिदै छन् गाउँ

**– तारानाथ आचार्य**
**बागलुङ, ३ पुस (रासस)**

शनिबार २१ औँ अन्तर्राष्ट्रिय आप्रवासन दिवस । वैदेशिक रोजगारीका कारण रित्तिएका गाउँ र सामाजिक, सांस्कृतिक र पारिवारिक विचलनले गाउँमा सन्नाटा छ । आप्रवासनकै कारण दक्ष उत्पादनशील जनशक्ति विदेश पालयन भएर भित्रिएको विप्रेषणले हाम्रो चुलो बलेको छ । यसको एउटा उदाहरणका रुपमा यहाँको एउटा कार्यक्रमलाई लिन सकिन्छ।

एक साताअघि बागलुङ नगरपालिकाले खहरे आधारभूत स्वास्थ्य सेवा केन्द्रको भव्य उद्घाटन गऱ्यो । बागलुङ नगरपालिका-३ र छिमेकी गाउँपालिका काठेखोलाको वडा नं १ का अधिकांश सर्वसाधारणलाई कार्यक्रममा खबर थियो। स्थानीय सरकार गठनपछि घर छेउमा बनेको स्वास्थ्य संस्थाको भवन उद्घाटन समारोह । आफैँले जिताएका नगरप्रमुख र वडाध्यक्ष। स्थानीय सरकारका कार्यकारी पदमा रहेका सबै त्यहाँ पुग्दा गाउँमा बस्ने जो कोहीको इच्छा थियो 'कार्यक्रममा पुगौँ ।' भयो पनि त्यस्तै । भवन बन्नुअघि विद्यालय र खेल मैदानको जग्गा भनेर विवादित भएको ठाउँमा गाउँका अधिकांश सर्वसाधारण पुगे तर त्यहाँ युवा देखिएनन् । खेल मैदान चाहिन्छ भनेर आवाज उठाउने युवा पनि विदेश पलायन भइसकेका छन् भने केही युवा सहर पसेका छन् । विद्यालय र खेल मैदानको स्तरोन्नति गर्ने प्रतिबद्धता जनाएका नगरप्रमुखले युवालाई त सम्झे तर उनका कुरा सुन्ने वृद्ध, वयस्क र बालबालिका मात्रै थिए। कि त ४० वर्ष उमेर कटेका थिए भने कि वृद्ध र कि त सानो कक्षामा पढ्ने बालबालिका।

सरकारी जागीरेबाहेक युवा कार्यक्रममा देखिएनन् । देशमा रोजगारीका अवसर कम छन् । स्वरोजगारमूलक व्यवसायमा समेत युवापुस्ता सन्तुष्ट छैनन् । वैदेशिक रोजगारीमा नपुगेसम्म बिहान बेलुकाको छाक टर्दैन। विदेशिएको एक जवान उमेर नघर्केसम्म घर फर्किंदैन । त्यसैले गाउँ रित्तिएका छन् । वृद्ध र बालबालिकाले मात्रै गाउँ धानेका छन् । गाउँघरमा हुने सभा, सम्मेलन हुन वा कृषि कर्म। भेला, बैठक हुन वा विकासे काम, आजभोलि युवाको सहभागिता निकै कम छ। विदेशिने प्रचलन निकै बढेकाले गाउँमा युवा देख्न कठिन हुन थालेको वैदेशिक रोजगार बोर्डका कार्यक्रम अधिकृत शिव रेग्मी बताउनुहुन्छ। "गाउँ युवाविहिन भएका छन्", रेग्मीले भन्नुभयो, "उत्पादनशील जनशक्तिको अभाव हुन थालेको छ, विदेशमा सस्तो मूल्यमा हाम्रो परिश्रम विकिरहेको छ ।" आप्रवासनले विप्रेषण भित्र्याएको भए पनि नेपाली समाजमा गहिरो गरी सामाजिक पुँजीको नाश भइरहेको वैदेशिक रोजगार बोर्डको ठम्याइ छ । अर्कोतर्फ असुरक्षित आप्रवासनका कारण हाम्रा युवाले अनाहकमा ज्यान गुमाइरहेका छन्। "तथ्याङ्क हेर्दा कहालीलाग्दो छ, पछिल्लो चार महिना राहदानी बनाउने युवाको सङ्ख्या हेर्दा उदेकलाग्दो छ", रेग्मी भन्नुहुन्छ, "स्वरोजगारीलाई जोड दिनु आवश्यक छ ।" बोर्डको तथ्याङ्कलाई हेर्ने हो भने गत आर्थिक वर्षमा मात्रै बागलुङबाट वैदेशिक रोजगारीमा गएका १७ जना युवाले उतै ज्यान गुमाए । कोभिड-१९ महामारीको चपेटामा परेर ज्यान गुमाएकाको त अझै तथ्याङ्क छैन। पाँच जना युवा अङ्गभङ्ग भएर फर्किएका छन् । उनीहरूको काम गरेर खानसक्ने अवस्था छैन । "आज विदेशमा भएका बाबुआमासँग बच्चाले चकलेट र ट्याबको आशा राखेको छ, माया ममता त एकादेशको कथा हुने भो", सामाजिक संस्था बिवाइसी बागलुङका अध्यक्ष मणिभद्र शर्माले भन्नुभयो, "एकाध महिना घरमा आएको बाबुआमालाई बच्चाले भन्छ, हजुर फेरि जानु मलाई त्यही चकलेट, ट्याब, नाना र सामान ल्याइदिनु ।" आप्रवासनका कारण नेपालमा सामाजिक र मानसिक समस्या बढ्दो रहेको सरोकारवालाको भनाइ छ । वैदेशिक रोजगारीलाई कम गर्दै स्वरोजगारमूलक व्यवसायमा लाग्न धेरै सरकारी तथा गैरसरकारी संस्थाले कार्यक्रम त ल्याएका छन् तर आप्रवासनका कारण भइरहेको आर्थिक, सामाजिक, मानसिक र मानवीय क्षतिको न्यूनीकरण आवश्यक छ।

# काठमाडौँको तापक्रम यस वर्षकै कम मापन: अझै घट्न सक्ने सम्भावना

**रासस**
**काठमाडौं, ३ पुस**

काठमाडौँ उपत्यकाको तापक्रम २ दशमलव ६ डिग्रीमा झरेको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार शनिबार काठमाडौँको तापक्रम यस वर्षकै कम मापन गरिएको छ।

यसअघि शुक्रबार काठमाडौँ उपत्यकाको तापक्रम तीन दशमलव चार डिग्री थियो। तापक्रम घटेसँगै उपत्यकासहित देशभर बढी चिसो महसुस गरिएको छ । काठमाडौँ उपत्यकाको तापक्रम दिनानुदिन घट्ने क्रममा रहेको विभागका मौसमविद् प्रतिभा मान्नधरले बताउनुभयो । अबको केही दिन तापक्रम घटबढ भइरहने बताइएको छ। मौसमविद्का अनुसार राति बदली भए दिउँसो तापक्रम बढ्ने र आकाश खुला भए तापक्रम घट्ने हुन्छ। पश्चिम तराईका जिल्लामा पनि चिसो ह्वात्तै बढेको छ। चिसो बढेसँगै तराईका अधिकांश जिल्लामा हुस्सु र कुहिरोले जनजीवन कष्टकर बन्दै गएको छ । चिसोबाट विशेषगरी वृद्धवृद्धा र बालबालिका बढी प्रभावित हुने भएकाले चिकित्सकले सावधानी अपनाउन सुझाव दिएका छन् ।मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार आज काठमाडौँ उपत्यकाको न्यूनतम तापक्रम यस वर्षकै सबैभन्दा कम दुई दशमलव ६ डिग्री र अधिकतम तापक्रम १९ दशमलव शून्य डिग्री सेल्सियस रहेको छ।

त्यस्तै शनिबार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस पाँच दशमलव तीन डिग्री र सबैभन्दा धेरै भैरहवाको अधिकतम तापक्रम २८ दशमलव एक डिग्री सेल्सियस रहेको छ।

# 'कृषि उत्पादन वृद्धिका लागि हरियाली मोडेल'

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ३ पुस**

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा मिनबहादुर श्रेष्ठले नेपालमा हरियाली मोडेलको कृषि फार्म प्रभावकारी हुने बताउनुभएको छ।

म्याग्दीको बेनी नगरपालिका-४ सिंगामा शनिबार हरियाली ग्रुप प्रालिको तेस्रो र हरियाली कृषि सहकारी संस्थाको दोस्रो साधारणसभालाई सम्बोधन गर्नुहुँदै डा श्रेष्ठले जल, जमिन र जङ्गललाई समृद्धिको आधार बनाउनुपर्ने बताउनुभयो।

"आयात घटाउन, उत्पादन बढाउन र रोजगारी सिर्जनाका लागि जमिनको खण्डीकरण रोकेर चक्लाबन्दी गरी ठूलो परिणाममा खेती गर्न प्रोत्साहन गर्ने नीति लिनुपर्छ", उहाँले भन्नुभयो, "जमिन बाँझो राख्ने समस्या घटाएर उत्पादनमूलक क्षेत्रमा जमिनको उपयोग गर्न आवश्यक छ।" कृषकलाई समूहकृत गरी जग्गा एकीकरण गर्ने, लगानी जुटाउने र आधुनिक प्रविधि प्रयोग गरी व्यावसायिक कृषि तथा पशुपक्षीपालन गर्ने कार्यलाई अघि बढाउन श्रेष्ठले हरियाली मोडेलको कृषि फार्मको परिकल्पना गरिएको बताउनुभयो । कृषिको आधुनिकीकरण र व्यावसायीकरण गरी रोजगारी सिर्जना गर्ने, उत्पादन बढाउने र त्यसबाट कृषकको आम्दानी बढाउने उद्देश्य राखेर तीन वर्षअघि म्याग्दीबाट सुरु भएको हरियाली परियोजना देशका अन्य जिल्लामा पनि विस्तार भएको परिकल्पनाकार श्रेष्ठले बताउनुभयो।

# बेनी-जोमसोम-कोरला सडकमा आठ पुल

**–सन्तोष गौतम**
**म्याग्दी, ३ पुस (रासस)**

कालीगण्डकी कोरिडोरअन्तर्गत बेनीदेखि कोरला नाका जोड्ने सडकमा आठ वटा मोटर चल्ने पुल निर्माण भएको छ ।

एकसय ८६ किलोमिटर दूरीको बेनी-जोमसोम-कोरला सडक आयोजनाअन्तर्गत उक्त सडकमा एउटा पुल निर्माणको अन्तिम चरणमा पुगेको छ भने अन्य पुल निर्माणाधीन अवस्थामा छन् । आयोजना प्रमुख जगत प्रजापतिले थप पाँच ठाउँमा पुल निर्माणका लागि प्रस्ताव गरिएको बताउनुभयो। "नियमित र सहजरुपमा यातायात सञ्चालनका लागि सडकको स्तरोन्नतिसँगै बेलिब्रिज विस्थापित गरी पुल निर्माणको काम भइरहेको छ", उहाँले भन्नुभयो, "एउटा पुल निर्माणको ठेक्का प्रक्रियामा छ । थप पाँच वटा पुल बनाउन बनाउन आवश्यक छ ।" म्याग्दीको राहुघाटमा ४० मिटर, घट्टेखोलामा ४० मिटर, मुस्ताङको स्याङ खोलामा ११५ मिटर, पाण्डाखोलामा ५० मिटर लामो पुल निर्माण भएको हो । पुल महाशाखाको पश्चिम सेक्टर कार्यालय पाल्पाले म्याग्दीको महभिर र पोखरबगर स्थित कालीगण्डकीमा ८० र ७० मिटर लामो पुल निर्माण गरेको छ।

छुसाङको मुस्ताङ गेटस्थित कालीगण्डकी नदीमा डोलिडारले ७७ दशमलव दुई मिटर लामो र जोमसोमस्थित कालीगण्डकी नदीमा तत्कालीन मुस्ताङ जिविसले ४६ मिटर लामो पुल बनाएको थियो। चालिस मिटर लामो लेते खोलाको मोटरेबल पुल निर्माणको अन्तिम चरणमा छ। म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ स्थित रुप्से र मुस्ताङको खहरेखोलाको मोटरेबल पुल अलपत्र भएको छ । आयोजनाका इञ्जिनीयर आश्विनीकुमार यादवले निर्माणका क्रममा रहेका पुलका संरचनामा बाढीले तहसनहस बनाएकाले नमूना परिवर्तनसहित दूरी बढाएर नयाँ प्रक्रियाबाट पुल बनाउन पुरानो ठेक्का तोड्ने प्रक्रियामा रहेको बताउनुभयो । "चालिस मिटर लम्बाइको रुप्से खोलाको पुलको दुबैतर्फ पिल्लर उठाएर ६६ प्रतिशत र ढलान ८५ प्रतिशत काम भएकामा बाढीले पुलको जग नै खलबलाउने गरी बगाएपछि स्पाम (लम्बाइ) बढाउन लागिएको छ", उहाँले भन्नुभयो, "भूगोल र प्राकृतिक विपद्का कारण नमूना संशोधन, पुरानो ठेक्का तोडेर नयाँ ठेक्का प्रक्रिया सुरु गर्नुपर्ने भएको हो ।" बोक्सीखोला, सुनखोला र थापाखोलामा मोटरेबल पुल बनाउन प्रस्ताव गरिएको आयोजना प्रमुख प्रजापतिले बताउनुभयो । पाण्डाखोलामा पुल बनाएकोभन्दा फरक ठाउँबाट खोला बग्न थालेपछि ५० मिटर लामो अर्को पुल बनाउन प्रस्ताव गरिएको छ।

"छुसाङको मुस्ताङ गेटमा डोलिडारले बनाएको पुलसँगै अर्को ५० मिटर लामो पुल बनाउन प्रस्ताव गरिएको छ", उहाँले भन्नुभयो, "पुलले खोलाको सबै भाग समेट्न नसकेपछि नयाँ पुल बनाउन आवश्यक देखिएको हो।" निर्माणाधीन १२ वटा मोटरेबल पुलको ठेक्का सम्झौतामा खरिद ऐनअनुसार थपिएको समयसीमा आगामी चैत महिनामा सकिँदैछ।

निर्माण कम्पनी गजुर मुखीका व्यवस्थापक राजन न्यौपाने (नरेन्द्र)ले अत्यधिक चिसो, बेमौसमी वर्षा र हिमपातका साथै दुई पटकसम्मको कोरोना महामारीले सडक तथा पुल निर्माणमा समस्या भए पनि थपिएको समयभित्र पुल तथा सडक निर्माण गराउन आफूहरू जुटेको बताउनुभयो । रु सात अर्ब २७ करोडमा ठेक्का सम्झौता भएका बेनी-जोमसोम-कोरला सडक आयोजनाअन्तर्गत सडक तथा पुल निर्माणमा हालसम्म रु चार अर्ब ७३ करोड खर्च भइसकेको लेखा अधिकृत शेखरचन्द्र सापकोटाले जानकारी दिनुभयो । पर्वतको मालढुङ्गादेखि म्याग्दीको बेनी, मुस्ताङको जोमसोम हुँदै कोरला नाकासम्म १३ वटा खण्डमा सडक सस्तरोन्निति भइरहेको छ। पच्चिस किलोमिटरदूरीकोचराङ-छोसेरबाहेक जोमसोम-कोरला खण्डको छ वटा प्याकेजमा ११ मिटर फराकिलो सडक ग्राभेल भइसकेको छ।

बेनी-जोमसोम खण्डको ६५ र जोमसोम-कोरला खण्डको ८५ प्रतिशत काम सम्पन्न भइसकेको छ। बेनी जोमसोम सडकको बेनीदेखि घाँसा खण्डमा डिबिएसडी र घाँसा जोमसोम खण्डमा आक्सपाल्ट प्रविधिको कालोपत्र गर्न लागिएको छ।

त्रिभुवन विश्वविद्यालय
**वन विज्ञान अध्ययन संस्थान**
पोखरा क्याम्पस, पोखरा

**मेस (क्यान्टिन) संचालन सम्बन्धी शिलबन्दी आव्हानको सूचना ।**

यस क्याम्पस परिसर भित्र रहेको मेस (क्यान्टिन) ठेक्काबाट संचालन गर्नुपर्ने भएको हुँदा मेस संचालन गर्न इच्छुक भ्याट वा प्यान दर्तावाला व्यक्ति तथा ठेकेदारहरुबाट मिति २०७८/०९/१६ गतेभित्र रितपूर्वकको शिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

विस्तृत जानकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।

क्याम्पस प्रमुख